दुल्लु नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लु, दैलेख

## सिलबन्दी बोलपत्र आव्हानको सुचना

सूचना नं. ३०/२०७५/०७६

प्रथमपटक प्रकाशित मिति :- २०७५/१२/१२

यस दुल्लु नगरपालिका, नगर कार्यपालिका कार्यालय दुल्लु, दैलेखले तपशिल बमोजिमका कामहरु सिलवन्दी बोलपत्रको माध्यमबाट आगामी २०७६ असार मसान्त भित्र निर्माण /खरिद गराउनु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायी /सप्लायर्सहरुवाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक राजधानी दैनिकमा प्रकाशितमितिले ३० औ दिनभित्र कार्यालय समयमानविकरण भएको इजाजनपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यवशायी भए न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, आ.व.२०७४/०७५ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्बन्धिकागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र खरिद गर्न सकिनेछ । विद्युतिय संचारको माध्यमबाट बोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायी /सप्लायर्सहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np)मा गई थप जानकारी प्राप्तगर्न, बोलपत्र **Download** गर्न र बोलपत्र दाखिला गर्न सक्नेछ ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय बमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम सिलवन्दी बोलपत्र साथ कम्तिमा४महिना (१२० दिन) म्यादभएको जमानी पत्र (विड बण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैङ्क दुल्लु शाखामा रहेको ४३४०३०३००७१०२ धरौटी खानामा धरौटी बापतको रकमजम्मा गरेको सक्कलै बैङ्क भौचर सिलवन्दी बोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । विद्युतीय संचार माध्यमबाट बोलपत्र पेश गर्न चाहने इच्छुक निर्माण व्यवसायीहरुलाई सहजीकरणको लागि दुल्लु नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । वेभ साइटबाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताका अधिकृत बिक्रेताले बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको रा.वा.बैङ्क दुल्लु शाखामा रहेको खाता नं ४३४०३०३००७१०२ मा र धरौटी बापतको रकम जम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ । सिलबन्दी बोलपत्र स्वीकृत भएपछि आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकमतथा १५ प्रतिशत भन्द वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा ४ (१२० दिन) महिना म्याद भएको कार्य सम्पादन बैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

३. प्रथमपटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगत्तै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ताभएको बोलपत्र ३१ औं दिन दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिउपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. संयुक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढिमा ३ वटा फर्महरुको एउटा संयुक्त उपक्रम वनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयुक्त उपक्रममा सबै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्बन्धि सक्कलै सम्झौता बोल पत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयुक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनु पर्नेछ र मुख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयुक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोल पत्र खरिद र दाखिला गर्न पाईने छैन ।

८. जुनफर्मको नामबाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाइने छ ।

९. कुनै बोलपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रक्र्याबाटै गर्नुपर्ने छ ।

१०. E- Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र खोलिने मितिले सातदिन भित्र आफुले पेश गरेको बोलपत्र सम्बन्धि सम्पूर्ण कागजातको सक्कलप्रति ( HARD COPY ) यस कार्यलयमा पेश गर्नुपर्ने छ ।

११ बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा निहित रहनेछ ।

१२. यसमा भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१३. अन्य कुरा बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट बाहेक | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ३०/२०७५/०७६ | गाइखुर लिफ्ट खानेपानी योजना दुल्लु नगरपालिका १० | १,७२,४१,४२५ | ३,०००/- | ४,५०,०००।०० | इजाजत प्राप्त ठेकेदार/ सप्लायर्सहरु |

प्रमुख प्रशासकीय अधिकृत